# आर्थिक वर्ष २०८२/०८३को

# आय तथा व्ययको अनुमान

# बजेट वक्तव्य

## आठविसकोट नगरपालिका, रुकुम(पश्चिम भाग)

## कर्णाली प्रदेश, नेपाल

## २०८२

मिति २०८२ साल असार १० गते मंगलबार नगर सभाको बैठकमा
नगर उप प्रमुख श्री धनकुमारी शाहीद्वारा प्रस्तुत

## आर्थिक वर्ष २०८२/०८३को

# बजेट वक्तव्य

आठविसकोट नगरपालिका
नगर कार्यपालिकाको कार्यालय, रुकुम (पश्चिम भाग)
कर्णाली प्रदेश, नेपाल
२०८२

## प्रारम्भ

**आठविसकोट नगर सभाका सभाध्यक्ष महोदय तथा नगर सभाका सदस्यज्यूहरु,**

१. समाजवाद उन्मुख कार्यक्रम मार्फत आठविसकोट नगरपालिकाको सामाजिक र भौतिक विकासगर्न सकिने विश्वासका साथ आर्थिक वर्ष २०८२/०८३ को बजेट तथा कार्यक्रम प्रस्तुत गर्न उपस्थित भएकोछु। स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ (१) अनुसार यस गरिमामय नगर सभा समक्ष नगर उप प्रमुखको हैसियतले नगरपालिकाको मार्गदर्शक सिद्धान्तको रुपमा रहेको आर्थिक वर्ष २०८२/०८३ को नीति तथा कार्यक्रम कार्यान्वयनको रुपमा रहेको यो **बजेट तथा कार्यक्रम** प्रस्तुत गर्न पाउँदा मलाई गौरवको अनूभुति भइरहेको छ।

२. यस अवसरमा सर्वप्रथम नेपालको सार्वभौमिकता, भौगोलिक अखण्डता, संघीय लोकतान्त्रिक गणतन्त्र, समानुपातिक समावेशिता, धर्म निरपेक्षता र सामाजिक न्यायका लागि भएका विभिन्न ऐतिहासिक संघर्षहरुमा आफ्नो अमूल्य जीवन उत्सर्ग गर्नुहुने महान सहिदहरुको स्मरण गर्दै उहाँहरु प्रति हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दछु। घाइते, अपाङ्गता भएका व्यक्तिरवेपत्ता योद्धा तथा सहिद परिवारजन प्रति उच्च सम्मान प्रकट गर्दछु । नेपालको राजनैतिक परिवर्तनको आन्दोलनमा अह्म भुमिका खेल्ने आम जनसमुदाय र नेतृत्व वर्गमा उच्च सम्मान व्यक्त गर्दै योगदानको उच्च कदर गर्दछु ।

३. संघीय लोकतान्त्रिक गणतन्त्रलाई संस्थागत गरी त्यसको लाभ प्रत्येक नगरवासीसम्म पुऱ्याउने हाम्रो दायित्व पूरा गर्दै भूकम्प पछिको पुनर्निर्माण, आर्थिक तथा सामाजिक क्षेत्रको विकास, सामाजिक संरचनाको विकास, उत्पादनमा वृद्धि,उद्यमशीलताको विकास गर्दै समाजवादको आधार तयार गर्ने दिशातर्फ आगामी आर्थिक बर्षको बजेट तथा कार्यक्रम लक्षित गरेको छु।

४. यो बजेट तर्जुमा गर्दा मैले नेपालको संविधानमा उल्लिखित मौलिक हक, नीति निर्देशक सिद्धान्तहरु, नेपाल सरकारको१६ औं योजना, कर्णाली प्रदेशको दोस्रो आवधिक योजना, दिगो विकासका लक्ष्यहरु, नेपालले अन्तराट्रिय मञ्चमा राखेका प्रतिवद्धताहरु, आठविसकोट नगरपालिकाको नीति तथा कार्यक्रम, विनियोजन विधेयक, २०८२ को सिद्वान्त, उद्देश्य, प्राथमिकता, प्रमुख नीतिहरु, नगरवासी, विभिन्न संघसंस्था, नगरपालिकाभित्र क्रियाशील राजनैतिक दल तथा तिनका भातृ संघ/संङ्गठनहरुबाट प्राप्त प्रमुख सुझावहरुलाई बजेट तथा कार्यक्रमको मार्गदर्शन र प्रमुख आधार बनाएको छु।

**सभाध्यक्ष महोदय तथा नगर सभाका सदस्यज्यूहरु,**

अब म, आठविसकोट नगरपालिकाको चालु आ.व. २०८१/०८२ को खर्च प्रगतिको संक्षिप्त समिक्षा प्रस्तुत गर्दछु।

५. चालु आ.व. २०८१/०८२ मा रू. ७३ करोड ६९ लाख ३४ हजार ९ सय १८ विनियोजन गरिएकोमा हालसम्म स्रोतगत शिर्षक र क्षेत्रगत कार्यक्रममा जम्मा खर्च रु ५० करोड ८१ लाख ०९ हजार ६ सय ३७ रुपैया ५७ पैसा मात्र अर्थात ६८.९४ प्रतिशत खर्च भएको छ। जसमा चालुतर्फ ४५ करोड १४ लाख ५१ हजार ३१ रुपैंया अर्थात ६१.२६ प्रतिशत विनियोजन गरिएकोमा ३६ करोड ४२ लाख ९४ हजार ५ सय २७ रुपैया ५७ पैसा अर्थात ८०.६९ प्रतिशत खर्च भएको छ। पूँजीगत तर्फ २८ करोड ५४ लाख ८३ हजार ८ सय ८७ रुपैया अर्थात ३८.७४ प्रतिशत विनियोजन गरिएकोमा हालसम्म १४ करोड ३८ लाख १५ हजार १ सय १० रुपैया अर्थात ५०.३७ प्रतिशत खर्च गरिएको छ। जस अन्तर्गत क्षेत्रगत हिसावले आर्थिक विकासमा २ करोड ६२ लाख ९४ हजार विनियोजन गरिएकोमा १ करोड ९४ लाख ६७ हजार ७ सय ९१ रुपैया अर्थात ७४.०४ प्रतिशत मात्र खर्च गरिएको छ। त्यसै गरी पूर्वाधार विकास तर्फ १९ करोड ५१ लाख ५५ हजार ६ सय ८ रुपैया विनियोजन गरिएकोमा १० करोड ५६ लाख ४९ हजार ७ सय १६ रुपैया अर्थात ५४.१४ प्रतिशत खर्च भएको छ। त्यस्तै गरी सामाजिक विकास तर्फ ३१ करोड ७२ लाख ९९ हजार विनियोजन गरिएकोमा २२ करोड ४७ लाख ८७ हजार ५ सय १५ रुपैया ४६ पैसा अर्थात ७०.८४ प्रतिशत खर्च भएको छ। त्यस्तै गरी सुशासन

तथा अन्तरसम्बन्धित क्षेत्र तर्फ १ करोड ४१ लाख  ९५ हजार विनियोजन गरिएकोमा ६२ लाख २९  हजार ५ सय १५ रुपैया अर्थात ४६.७४ प्रतिशत मात्र खर्च भएको छ। कार्यालय सञ्चालन तथा प्रशासनिक खर्च तर्फ १८ करोड ३९ लाख ९१ हजार ३ सय १० रुपैया  विनियोजन गरिएकोमा १५ करोड १९ लाख ७५ हजार ६० रुपैया ११ पैसा अर्थात ८२.०६ प्रतिशत मात्र खर्च भएको छ।

६. यस्तै गरी चालु आ.व. मा नगरपालिकाको आन्तरिक राजश्व संकलन २ करोड ९२ लाख ७३ हजार ८ सय ८७ रुपैया मात्र हुने संशोधित अनुमान गरिएकोमा २०८२ असार ५ गतेसम्म रु २ करोड ३४ लाख ४ हजार ४ सय २३ रुपैया २७ पैसा  अर्थात ७९.९४ प्रतिशित राजश्व संकलन भएको छ। चालू आर्थिक वर्षको अन्त्यसम्ममा कुल अनुमानको नब्बे प्रतिशत राजश्व संकलन हुने अनुमान गरेको छु।

७. चालु आर्थिक वर्षमा संघीय सरकारबाट राजश्व बाँडफाँट वापत रु १४ करोड २० लाख प्राप्त हुने अनुमान गरिएकोमा रु ११ करोड ६ लाख ५७ हजार  १ सय ९१ रुपैया ५२ पैसा अर्थात ७७.९२ प्रतिशत मात्र प्राप्त भएको छ। यसै गरी संघीय सरकारबाट समानीकरण अनुदान अन्तर्गत १० करोड ९० लाख प्राप्त हुने अनुमान भएकोमा चालु आ.व.मा १०  करोड १८ हजार ४ सय अर्थात ९१.७६ प्रतिशत मात्रै प्राप्त भएको छ। यसरी संघीय सरकारबाट अनुमान भन्दा करिब ११.६७ प्रतिशत बजेट कम प्राप्त हुनुका कारण नगरपालिका क्षेत्रमा सञ्चालन/कार्यान्वयन भएका विकास आयोजनाहरुमा दिइने भुक्तानी प्रभावित भएको छ।

८. चालु आर्थिक वर्षको अन्त्यसम्ममा कूल विनियोजित बजेटमध्ये प्राप्त हुने बजेटको कुल खर्च ९१ प्रतिशत हुने अनुमान लिएको छु। जसमा चालू तर्फ ९२ प्रतिशत र पूँजीगत तर्फ ९१ प्रतिशत खर्च हुने अनुमान गरेको छु।

९. जाजरकोट भुकम्पपछिको दोस्रो वर्षमा प्रवेश गर्दै गर्दा नागरिकहरुको पुनर्स्थापना हुन नसक्नु दुखद् विषय रहेको छ तरपनि भुकम्पका १० हजार ३ सय ९४ लाभग्राहीहरु मध्ये १० हजार ३ सय २१ लाभग्राहीले पहिलो किस्ता वापतको रकम प्राप्त गरेका छन भने १० हजार १ सय ३४ लाभग्राहीले दोस्रो किस्ता वापतको रकम प्राप्त गरेका छन।

१०. ढिलै भएपनि नागरिकहरुलाई त्रिपालबाट अस्थायी आवास र अस्थायी आवासबाट आवासमा वस्ने व्यवस्थाको लागि विस्तृत क्षति आँकलन (DDA)को कार्य सम्पन्न भएको छ। निर्धारित समयमा भुकम्पका लाभग्राहीहरु कायम नहुँदा र तोकिएको समयमा अस्थायी आवास निर्माण गरेवापतको बजेट प्राप्त गर्न नसक्दा भुकम्पका सवै लाभग्राहीहरुकोअस्थायी आवास निर्माण वापतको रकम समेत भुक्तानी हुन सकेको छैन। समयमै भुकम्प पछिको पुनर्निर्माणको कार्यविधि सार्वजनिक नहुँदा दोस्रो किस्ता प्राप्त गरेका लाभग्राही समेत विस्तृत क्षति आँकलन (DDA)गर्नछुटेका छन। जसमा ९ हजार ५ सय ६७ लाभग्राहीको मात्र विस्तृत क्षति आँकलन भएको छ। नागरिकहरु रोजगारीको सिलसिलामा गाउँ बाहिर हुँदा पनि विस्तृत क्षति आकलन (DDA)हुन नसकी बाँकी रहेका छन।

११. विस्तृत क्षति आकलन (DDA)भएका ९ हजार ५ सय ६७ लाभग्राही मध्ये प्रारम्भिक प्रतिवेदन अनुसार ३ हजार २ सय १२ लाभग्राही पुनर्निर्माणको सूचीमा रहेका छन भने १ हजार ३ सय १९ लाभग्राही प्रर्बलीकरणको सूचीमा रहेका छन। १ हजार २ सय २० लाभग्राहीको विस्तृत क्षति आँकलनको प्रतिवेदन सार्वजनिक हुन बाँकी रहेको छ भने २ हजार ५ सय ७३ लाभग्राहीहरुको विस्तृत क्षति आँकलन (DDA)को थप अध्ययन भइरहेको छ।

## आर्थिक विकास

१२. खाद्य, पोषण सुरक्षा र आयआर्जनमा सेवा पुर्याउने कार्यक्रमहरु जस्तै:- करेसावारीको स्थापना, मौसमी र वेमौसममा तरकारीको मिनिकिट वितरण, विभिन्न वर्षे र हिउदे फलफूलको विरुवा वितरणगरिएको छ।नगरपालिकामा मौरी प्रर्वद्धन कार्यक्रमगरी आम्दानीमा वृद्धि गरिएको छ भने  ४०० जना घरधुरीका कृषकहरुले व्यावसायिक रुपमा फलफुल खेती गरी आम्दानी वृद्धि गरिरहेको अवस्था छ।

१३.कृषकहरुलाई सम्मानित र मर्यादित बनाउन**नगर प्रमुख उत्कृष्टकृषक पुरस्कार** वितरण कार्यक्रम र किसान सुचिकरण कार्यक्रमहरु सञ्चालन गरिएको छ । वास्तविक किसान पहिचान गर्न बस्ती स्तरमा अनुगमन गरी किसान कार्ड वितरण गरिएको छ ।गुणस्तरीय बीउको नियमित आपुर्तिको लागि कृषकहरुको मागको आधारमा खाद्यान्न बालीका उन्नत बीउ वितरण तथा तरकारी र खाद्यान्न बालीकोबीउ उत्पादनमा जोड दिएको छ ।कृषिमा सिचाई र बजारीकरण सहजताको लागि साना सिंचाई स्थापना र मर्मतसम्भार,कृषि सडक स्थापना, चिस्यान केन्द्र र आलु चिप्स उद्योग स्थापना गरिएको छ ।

१४.व्यवसायिककृषकहरुको क्षमतामा अभिवृद्धि गर्नको लागि मौसमी तथा वेमौसमी तरकारी खेती, मौरीपालन, फलफुल खेतीर खाद्यान्न बाली खेती प्रविधि सम्बन्धी नगर स्तरिय र स्थलगत घुम्ती तालिम सञ्चालन गरिएको छ ।

१५.प्राङ्गारिक खेतिको वृद्धिको लागि भकारो सुधार कार्यक्रम,जैविक विषादी निर्माण तालिम गरी रासायनिक विषादीको प्रयोगमा प्रतिवन्ध गरिएको छ । यस आठविसकोट नगरपालिका स्थापना हुनु भन्दा नगरपालिका क्षेत्रमा एउटा मात्र पशु सेवा केन्द्र मार्फत सेवा संचालन गरी एक जना पशु सेवा प्राविधिक, तिन जना OVOT र एक जना कार्यालय सहयोगीको भरमा साविकको जिल्ला पशु सेवा कार्यालयको मातहतमा रही थोरै मात्रामा औषधी ल्याएर सेवा विस्तार गरेकोमा हाल सेवाकेन्द्र र १४ वटै वडाहरुमा गरी जम्मा १६ जना प्राविधिक कर्मचारी मार्फत पशु उपचार सेवा प्रवाह संचालन गरिएकोछ ।

१६.पालिकालाई मासुमा आत्मनिर्भर बनाउनको लागि वडा नं. २,४,५,६,७,११र१२ मा बाख्रा पकेट विकास कार्यक्रम संचालन गरी सामूहिक रुपमा बाख्रा विकास कार्यक्राम संचालन गरीएकोछ भने दुधमा आत्मनिर्भर बनाउनको लागि वडा नं. ५,८,९र १४ मा भैसी पकेट विकास कार्यक्रम संचालन गरी सामूहिक रुपमा भैसी विकास कार्यक्रम संचालन गरीएकोछ ।

**शिक्षा**

१७.नगरपालिका स्थापना हुनुभन्दा पहिला यस क्षेत्रको शिक्षामा अति न्युन संख्यामा मात्र विद्यार्थीको विद्यालयमा पहुँच थियो भने नगरपालिका स्थापना पश्चात उल्लेखनीय संख्यामा विधार्थीहरुको पहुँच पुगेको छ । यस नगरपालिकामा ६५ वटा सामुदायिक विद्यालय रहेका छन । नगरपालिका स्थापना भएदेखी हालसम्म ७१ वटा पक्की भवन र ३४४ वटा कक्षाकोठा निर्माण सम्पन्न भई सञ्चालनमा आइसकेका छन भने केहि निमार्णको प्रक्रियामा रहेका छन ।

१८.बालबालिकाहरुलाई शिक्षाको मौलिक हक प्रदान गरी शिक्षामा पहुँच पुर्याउन हाल ६५ वटा विद्यालयहरुका रहेका छन । जसमा १८ वटा मा.वि.,२२ वटा नि.मा.वि. र ४८ वटा प्रा.वि तहका छन् तथा विद्यालय बाहिर छुट्टै बालबिकास केन्द्र ७ वटा, विशेष शिक्षा स्रोत कक्षा १ वटा र ५ वटा सामुदायिक अध्ययन केन्द्र रहेका छन ।

१९.भुकम्प पश्चात संघीय सरकार, प्रदेश सरकार र अन्य विभिन्न सरकारी तथा गैरसरकारी संस्थाहरुको सहयोगमा TYPE-2 TLC३० वटा, शौचालय संख्या २५ वटा निर्माण सम्पन्न भई सकेका छन भने विद्यालय भवन ८ वटा निर्माणका लागि ठेक्का सम्झौता भई निर्माण हुने प्रकियामा रहेका छन् ।

२०.यस नगरपालिकामा स्थायी शिक्षक दरवन्दी संख्या मा.वि.मा ५ जना, मा.वि.राहत १० जना र उ.मा.वि.४ जना गरी जम्मा १९ जना रहेका छन । नि.मा.वि मा स्थायी १० जना,अस्थायी २ जना,राहत १७ जना र नि.मा.वि. तहका शिक्षण सहयोग अनुदान १० जना र माध्यमिक तह शिक्षण सिकाइ अनुदान २० गरी जम्मा ३० जना रहेका छन । प्रा.वि. तहमा स्थायी ७५ जना,अस्थायी १० जना,राहत ३५ जना गरी जम्मा ११४ जना शिक्षक रहेका छन । माध्यमिक तह २३ जना, नि.मा.वि. ६०जना, प्राथमिक २६ जना, बालविकास ३० र प्राविधिक धार तर्फ ४ जना नगर करार शिक्षक कार्यरत रहेका छन ।

२१.यसपालिकाका विद्यालयहरुमा शिक्षक दरबन्दी न्युन रहेकाले विद्यालय संचालन गर्न कठिनाई भएको हुँदा हाल नगरपालिकाबाट करार शिक्षक दरबन्दी कायम गरी शिक्षण सिकाई क्रियाकलापमा सहज बनाएको छ । ११ औं विद्यालय अनुगमन प्रतिवेदन अनुसार यस नगरपालिका भित्र संचालित भएका विद्यालयहरुमा जम्मा ११ हजार ३ सय ९८ विद्यार्थी अध्ययनरत रहेका छन भने यस शैक्षिक सत्रको भर्ना अभियान संचालन भईरहेकाले यस शैक्षिक सत्रको यकिन विवरण प्राप्त हुन बाँकि रहेको छ।

**स्वास्थ्य**

२२.विद्यालय बाहिरका १० देखि १४ वर्षका किशोरी र विद्यालयमा अध्ययनरत कक्षा ६ देखि १० सम्मका सम्पूर्ण छात्रा गरी जम्मा २ हजार ८ सय ८ जनालाई पाठेघरको मुखको क्यान्सर विरुद्धको (HPV)खोप अभियान सम्पन्न गरिएको छ।

२३.आठविसकोट नगरपालिकाभित्रका१६ देखि ५९ महिनासम्मका २ हजार १ सय ७५ जना बालबालिकालाई राष्ट्रिय खोप कार्यक्रम अनुसार १५ महिनाको उमेरभित्र लगाउनुपर्ने सम्पूर्ण खोपको मात्रा पूरा गरेको सुनिश्चित गरी पूर्ण खोप घोषणा तथा दिगोपना सुनिश्चित गरिएको छ।

२४.क्षयरोग उपचार केन्द्रमा कार्यरत स्वास्थ्यकर्मीहरुकोक्षमता अभिवृद्धिको लागि क्षयरोग मोडुलर तथा इ.टि.वि. सम्बन्धी पुनर्ताजगी तालिम सम्पन्न गरिएको छ ।क्षयरोगका जोखिम समुह तथा स्वास्थ्य सेवाको पहुँच कम भएका समुदायमा सकृय क्षयरोग खोजपड्ताल कार्यक्रम सञ्चालन गरी ४ जना नयाँ क्षयरोगी पत्ता लगाईएको छ।

२५.९वटै आधारभुत स्वास्थ्य सेवा केन्द्रमा नयाँ पोषण कर्नरको व्यवस्थापन गरिएको र नगर अस्पताल लगाएत ४ ओटा स्वास्थ्य चौकीमा पोषण कर्नर सवलीकरण गरिएको छ ।४७वटा स्वास्थ्य आमा समूहमा सुनौला हजार दिन भित्रका आमाहरुलाई पोषण सम्बन्धी अभिमुखीकरण गरी आमा तथा वच्चाको पोषण लेखाजोखा गरिएको छ ।स्वास्थ्य संस्थाहरुमा नियमित तथ्याङ्क गुणस्तर जाँच तथा न्युनतम सेवा मापदण्ड कार्यक्रम सम्पन्न गरिएको छ।

२६.आठविसकोट नगरपालिका वडा नं. ६ मन्काबगरमा महिलाहरुको प्रजनन रुगणता स्वास्थ्य सम्बन्धी एकिकृत स्कृनिङ शिविर सम्पन्न गरिएको छ । नेपाल रेडक्रस सोसाईटीसँग समन्वय गरी नगरपालिकामा मोतिबिन्दुको निःशुल्क शल्यक्रिया शिविर सञ्चालन गरिएको जसमा ९८ जना व्यक्तिको मोतिविन्दुको सफल शल्यक्रिया गरिएको छ ।नगर अस्पताल फार्मेसीमा सफ्टवयर जडान गरी विलिङ प्रणालीलाई सहज बनाईएको छ ।गोतामकोट स्वास्थ्य चौकीबाट सुरक्षित गर्भपतन सेवा सञ्चालन गरिएको छ।

**रोजगार**

२७.आ. व. २०८१/०८२ मा प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत जम्मा २६ ओटा योजनाहरु कार्यान्वियन भएका छन्। जसमध्ये १४ ओटा कामका लागि पारिश्रमिक शिर्षकमा प्रत्येक वडामा १\१ योजना सम्पन्न भएका छन उक्त योजनामा जम्मा ५९ जना श्रमिकहरुले १०० दिनको रोजगारी प्राप्त गरेका छन। बाँकी १२ वटा योजना युवा रोजगारीको लागि रुपान्तरण पहल आयोजना शिर्षकबाट जम्मा ४० जना श्रमिकहरुले ५० दिन बराबरको सिप विकास तालिममा सहभागी भएका छन र ५० दिन बराबरको रोजगारीमा संलग्न भएका छन।

२८.आ. व. २०८१\०८२ मा मुख्यमन्त्री रोजगार कार्यक्रम अन्तर्गत प्रत्येक वडामा १\१ ओटा योजना गरी जम्मा १४ ओटा योजनाहरु कार्यान्वयन भएका छन ।ती प्रत्येक योजनाहरुको लागत रकम रु १५ लाख बराबर रहेको छ र ती योजनाहरुमा जम्मा २१० जना श्रमिकहरुले औषत ५६ दिन बराबरको रोजगारीमा संलग्न भएको पाईन्छ।

२९.आ व २०८१\०८२ मा ७ जना श्रमिकहरुको पुन: श्रम स्वीकृती गरिएको छ भने वैदेशिक रोजगार बोर्ड अन्तर्गत रहेको FEWIMIS Portal को प्रयोग गरी १ जनाको क्षतिपूर्ति मृत्युदावी सहायता रकम रु ७ लाख उपलब्ध गराईएको छ। आ व २०८१/०८२ मा प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत युवा रोजगारीको लागि रुपान्तरण पहल आयोजनाको बजेट मार्फत २५ जना डकर्मी र १५ जना सिकर्मीहरुलाई ५०दिनको सिप विकास तालिम सञ्चालन सम्पन्न गरिएको छ।

## खानेपानी सरसफाइ तथा स्वच्छता

३०.आठविसकोट नगरपालिका वास इकाईबाट सञ्चालित **"सबैका लागि दिगो खानेपानी, सरसफाइ तथा स्वच्छता (सुस्वा) आयोजना"** अन्तरगत सुरक्षित खानेपानीको लागि **"एक घर एक धारा निर्माण"** कार्यका लागि आठविसकोट नगरपालिका वडा नं ७, ११ र १३ भित्रका ७ वटा नयाँ खानेपानी योजनाहरूका ४०४ घरधुरीहरु र वडा नं १, २, ३, ४, १०, ११ र १४ का ७ वटा पुराना खानेपानी योजनाहरुको विस्तारित खानेपानी योजना अन्तर्गत **"इनलाइन क्लोरिनेशन"** जडान गरि मर्मत गरी ३७५ घरधुरीहरुलाई दिगो रुपमा सुरक्षित खानेपानीको सुनिश्चितता गरीएको छ।

३१.त्यसैगरी ३ वटा विद्यालयहरुका ७१३ शिक्षक, कर्मचारी तथा विद्यार्थीहरु लाभान्वित हुने गरी प्रयोगमैत्री शौचालय निर्माण कार्य सम्पन्न हुनेछन। यसैगरी आठविसकोट नगरपालिका नगरपालिकाको वास तर्फको शासन सुदृढिकरणको लागि वास इकाई तथा सुस्वा आयोजनाको सहजीकरणमा आठविसकोट नगरपालिकाको खानेपानी सरसफाइ तथा स्वच्छता ऐन २०८१, आठविसकोट नगरपालिकाको मर्यादित महिनावारी स्वच्छता व्यवस्थापन कार्यविधि २०८१, आठविसकोट नगरपालिकाको खानेपानी तथा सरसफाइ योजना मर्मत सम्भार कोष सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८१, आठविसकोट नगरपालिकाको लैंगिक उत्तरदायी तथा अपाङ्गता समावेशी पञ्चवर्षिय योजना तर्जुमा २०८१ (२०८१ देखी २०८५ सम्म), आठविसकोट नगरपालिकाको संस्थागत संरचना व्यवस्थापन तथा परिचालन कार्यविधि, २०८१, आठविसकोट नगरपालिकाको पुर्ण सरसफाइ प्रबर्द्धनका लागि स्थानीय तहको कार्ययोजना २०२५, नगरपालिकाबाट पारित भइ लागु हुनुको साथै जनप्रतिनिधि, कर्मचारी, उपभोक्ता समिति तथा समुदायलाई क्षमता विकासका विभिन्न ३ दर्जन बढी तालिमहरु प्रदान गरिएको छ। आठविसकोट नगरपालिकालाई पूर्ण सरसफाइ उन्मुख नगरपालिका घोषणाको लागि वडा नं ६ त्रिवेणी बस्तीलाई नमूना बस्ती निर्माण गर्ने कार्य भइरहेको र आयोजना सञ्चालन भइरहेका घरधुरीहरुमा पुर्ण सरसफाइका सुचकहरु पुरा गर्ने कार्यहरु भइरहेको छ।

## सामाजिक समावेशीकरण

३२.सबै वडाहरुमा महिला हिंसा,बालविवाह तथा जातिय भेदभाव न्यूनिकरण सम्बन्धी सडक नाटक प्रर्दशन,महिला तथा अपाङ्गता भएका व्यक्तिका लागि**"रेडियो आवाज कार्यक्रम"** सञ्चालन गरिएको छ। नगरपालिकाको केन्द्रमा जेष्ठ नागरिक आवास गृह निर्माण गरिएको छ। विभिन्न धार्मिक क्षेत्रको विकास र संरक्षणका लागि मन्दिर र चर्च व्यवस्थापन गरिएको छ। सहिद परिवारहरुलाई सम्मान तथा सामग्री वितरण गरिएको छ।

## भौतिक पूर्वाधार

३३.स्थानीय सरकारको पहिलो कार्यकाल शुरु हुँदैगर्दा नगरपालिका पूर्वाधार विकासको हिसाबले प्रारम्भिक अवस्थामा थियो। राडीज्यूलासम्म हिउँदमा नदुवाबाट मात्र मोटर बाटोको पहुँच थियो। घेत्मा, ज्यामिरकोट, डाँडाडाउ, गोईरी, स्यानी वार्खु, ठूली वार्खु, दाजे, डाफे, खदि, स्याला आदि दर्जनौं गाँउहरुमा मोटरबाटो थिएन। खोला, नालाहरुमा पुलपुलेसाको निकै गम्भिर समस्या थियो। नगर कार्यपालिकाले बिगतका ७ वर्षमा भौतिक पूर्वाधार निर्माणको कामलाई निकै महत्वका साथ अगाडि बढाएको छ। स्थानीय तहको पहिलो कार्यकालको अन्तिमसम्म आईपुग्दा साबिकको घेत्मा, आठविसडाँडागाउ र आठविसकोटका सबै जसो मुख्य गाउँ तथा बस्तीमा मात्र मोटर बाटो पुगेकोमा त्यसपछिका वर्षहरु गुम्जा, लाम्पुछर , खापे, फलाँटे,ढुंगिला, पहाडा जस्ता बस्तीहरुमा समेत मोटर बाटोको प्रारम्भिक ट्रयाक खोल्ने काम सम्पन्न भएका छन्। तुलनात्मक रुपमा दुर्गम मानिएको साविक स्यालाखदीमा पर्ने वडा नं. १,२ र ३ का मुख्य गाउँसम्म मोटर बाटो पुगि यातायातका साधनहरु समेत पुगी सकेको अवस्था छ। सडक सुविधा नपुगेका पाटागाउँ, पहाडाको काँडा दह, थुम, छिमि, होलीकाँडा बाहेक सबैजसो गाउँमा मोटरबाटो पुगेको छ।

३४.भेरी करिडोर अन्तर्गत पर्ने रिम्ना-चिसापानी सडक खण्ड, राडी बजारमा दुइ कि.मी बाटो,राप्ति राजमार्ग अन्तर्गत छरेबगर - थापागाँउ १० कि.मी. कालोपत्रे गर्ने कार्यसम्पन्न भइसकेको छ। चिसापानी-राडी-नदुवा-मुसिकोट सडक खण्ड प्रदेश

सडक अन्तर्गत रहेको र उक्त सडकको स्तरोन्नती गर्न यस नगर कार्यपालिकाले गरेको विशेष अनुरोध अनुसार प्रदेशले चिसापानी-राडी-गिजा खण्डको कालोपत्रेको ठेक्का व्यवस्थापन समेत भै निर्माण कार्य शुरु भएको अवस्थामा छ । नरखोला मोटरपुल, छरेबगरमा बेलिबृज पुल निर्माण गरि सवारी आवागमन सहज बनाइएको छ । राडिबजार-भेरी करिडोर जोड्ने गरि ठाँटी खोलामा पक्की RCC पुल निर्माणको अन्तिम चरणमा रहेको छ । दाँजे-खदि-बारिङ्गे सडकको घट्टेखोला चोवाखोला खण्डको ठेक्का व्यवस्थापन भई निर्माण कार्य सञ्चालनमा छ भने वडा नं २ र १ जोड्ने खारा ओख्ले सडकको १५० मिटर कडा चट्टानयुक्त भाग समेत यसै आ.व. को अन्तसम्म सडकको ट्र्याक ओपन गरिने अवस्था छ ।

३५. यस आ.व.सम्म ११ वटा झोलुंगे पुल, ६ वटा ट्रस पुल र ५ वटा आर.सी.सी. पुल गरि जम्मा २२ वटा पुल निर्माण सम्पन्न भएका छन् । यसैगरी हालसम्म नगरपालिकाको ३८८.८२ कि.मि. सडकको ट्र्याक खोल्ने काम सम्पन्न भएको छ । नगर अस्पतालको भवन निर्माण भई संचालनमा आएको छ । सहिद स्मृति नमूना मा.वि. लगायत ७ वटा विद्यालयको नयाँ विद्यालय भवनको ठेक्का व्यवस्थापन भइसकेको छ । नगरपालिकाको प्रशासकीय भवन, १, २, ७ र १३ नं वडाको कार्यालय भवन निर्माणको अन्तिम चरणमा रहेकाछन् भने १४ नं वडा कार्यालयको आफ्नै कार्यालय भवन निर्माण गरि सेवा प्रवाह सुचारु भएको छ ।

३६. हाल केन्द्रिय विद्युत लाईन यस नगरपालिकाको २ नं वडाको पहाडा र १ नं वडा बाहेक अन्य लगभग सबै वडामा पुगिसकेको छ र बाँकी ठाँउमा पनि विद्युतको केन्द्रिय लाईन विस्तारको काम तीव्र गतिमा अगाडि बढेको छ । विभिन्न संघसंस्थाको समन्वयमा नगरपालिका क्षेत्रभित्र रहेका लघु जलविद्युत आयोजनाको मर्मतसम्भार गरि सञ्चालनमा ल्याइएको छ ।

३७. नगरपालिका स्थापनाको सुरुवातमा फोन सम्पर्क पनि मुस्किलले हुने यस नगरपालिकाको सबै वडा कार्यालयहरुमा यस वर्ष फाइवर इन्टरनेट सेवा पु¥याइएको छ । नगरपालिकाको सबै वडाहरुमा सहज सञ्चार सुविधा पुर्‍याउन टेलिफोन सेवाका टावरहरुस्थापना गरिएको छ जस्ले दुरदराजमा समेत **फोर जी सेवा** सुविधा पुगेको छ ।

**सभाध्यक्ष महोदय तथा नगर सभाका सदस्य ज्यूहरु,**

***अब म, आठविसकोट नगरपालिकाको विद्यमान अवस्थाको यथार्थ अवस्था प्रस्तुत गर्दछु:***

३८. यस नगरपालिकाले रुकुम (पश्चिम) जिल्लाको करिब ४६ प्रतिशत भू-भाग ओगटेको छ । राष्ट्रिय जनगणना२०७८ अनुसार यस नगरपालिकाको औषत जनघनत्व ६९ जना प्रति वर्ग किलोमिटर रहेको छ, जुन कर्णाली प्रदेशको औषत जनघनत्वको हाराहारीमा रहेकोछ।

३९. यस नगरपालिकाका करिव ४० प्रतिशत नगरवासी अझै पनि गरिवीको रेखामुनि रहेका छन् । यो दर कर्णाली प्रदेशकै बराबरीमा रहेको छ । नगरपालिकामा गरिवी, कुपोषण, वेरोजगारी, लैङ्गिक तथा घरेलू हिंसा, सामाजिकविभेद तथा जातिय छुवाछुत जस्ता सामाजिक समस्याहरु पनि विद्यमान छन् ।

४०. भौगोलिक रुपमा कर्णाली प्रदेशकै सबैभन्दा ठूलो यो नगरपालिका भौगोलिक तथा जैविक विविधताले भरिपूर्ण रहेको छ । नगरपालिकामा जलस्रोत, वन जंगल र जडिबुटी प्रशस्त मात्रामा पाइन्छ । यी प्राकृतिक श्रोतहरुको समुचित र योजनाबद्ध प्रयोगबाट समाजवाद उन्मुख समृद्धि प्राप्त गर्न सकिने प्रचुर संभावना रहेको छ । यस नगरपालिकामा फलफूल खेती तथा पशुपालनको पनि राम्रो सम्भावना रहेको छ ।

४१. मानव विकास सूचकाङ्कका हिसावले यो नगरपालिका धैरै पछाडि परेको छ । उत्पादकत्व, वचत,औसत आयु, प्रतिव्यक्ति आय, साक्षरता प्रतिशत लगायतका सूचकहरुमा यो नगरपालिका देशको औसत अवस्था भन्दा न्युन छ । भौगोलिक विकटताले मानव विकास सुचकाङ्कमा सुधार गर्न थप कठिनाई व्यहोर्नु परेको छ ।

४२.नगरपालिकाको माथि उल्लिखित विद्यमान अवस्थाहरुका बाबजुद पनि सिमित स्रोत साधन प्रयोग गरी असिमित आवश्यक्ताहरु उच्च मनोबलका साथजनताको एकता, श्रम, उत्पादन र संघर्षको नेतृत्त्व गर्दै नगरपालिकाको आर्थिक समृद्धि सहितको समाजवादको जग खडा गर्न सकिने विश्वास लिएको छु ।

**सभाअध्यक्ष महोदय,**

**अव म आर्थिक वर्ष २०८२/८३ को बजेटका मुख्य उदेश्यहरु प्रस्तुत गर्दछु:**

४३.आर्थिक समृद्धि सहितको समाजवाद उन्मुख आर्थिक तथा सामाजिक क्रियाकलाप मार्फत समाजवादको आधार खडा गर्ने यस बजेटका मुख्य लक्ष्य हासिल गर्न देहाय बमोजिमका उद्देश्यहरु निर्धारण गरेको छु ।

क. विस्तृत क्षति आँकलन (DDA) का आधारमा जाजरकोट भूकम्पले क्षतिग्रस्त सार्वजनिक तथा नीजि भौतिक सम्पत्तिको पुनर्निर्माण गर्ने,

ख. परम्परागत कृषि पेसालाई व्यावसायीकरण गर्दै कृषि तथा पशु वस्तुको उत्पादन र उत्पादकत्वमा जोड दिई खाद्यान्न तथा फलफूलमा आत्मनिर्भर भई निर्यातमुखी बनाउने,

ग. कृषि, उद्योग, खनिज, वन तथा वातावरण लगायतका क्षेत्रको उत्पादन र उत्पादत्व वृद्धि, बजारीकरण गरी खाद्य सम्प्रभुता र खाद्य सुरक्षासहितको पोषण सुनिश्चित गर्नुका साथै ती क्षेत्रबाट रोजगारी सिर्जना गरी स्थानीय समुदायको आयआर्जनमा वृद्धि गर्ने,

घ. शिक्षा प्रणालीको समग्र सुधार गर्दै शिक्षामा गुणस्तरीयता कायम गरी उत्पादनशील तथा सुसंस्कारयुक्त नागरिक निर्माण गर्ने,

ङ. स्वास्थ्य सेवालाई गुणस्तरीय, भरपर्दो, विश्वासिलो र सर्वसुलभ बनाउने,

च. सार्वजनिक यातायातको व्यवस्थापन गरी जनताको आर्थिक तथा सामाजिक गतिविधिलाई सहज र तीव्र बनाउने ।

छ. सामाजिक समावेशीकरण, सुरक्षा, सद्भाव र सहिष्णुता सहित आम सामाजिक, साँस्कृतिक रुपान्तरणको प्रक्रियालाई तीव्र बनाउने ।

ज. नगरपालिका क्षेत्रभित्र हरप्रकारका प्राकृतिक तथा मानव सिर्जित विपद्हरुको सामना गर्न सक्ने क्षमता विकास गर्ने ।

४४.बजेटका यी उल्लेखित उद्देश्यहरु प्राप्त गर्न मैले यस वर्ष भूकम्प पछिको पुनर्निर्माण, कृषि तथा पशुपालन,शिक्षा,स्वास्थ्य, सिप विकास, रोजगारी,सुचना तथा सञ्चार क्षेत्रलाई मुख्यत: क्षेत्रगत तथा कार्यक्रमगत रुपमा प्राथमिकता निर्धारण गरेको छु ।

**सभाअध्यक्ष महोदय तथा नगर सभाका सदस्य ज्यूहरु,**

माथि उल्लिखित उद्देश्य र प्राथमिकताहरुलाई कार्यान्वयन गर्न देहाय बमोजिम क्षेत्रगत वजेट विनियोजन गरेको छु ।

**(क) कृषि तथा पशुपालन**

**४५.**निर्वाहमूखी कृषिलाई आधुनिक र व्यवसायिक बनाउँदै कृषि उपजमा यस नगरपालिकालाई आत्मनिर्भर तुल्याउन यान्त्रिकरण, उत्पादनमा वृद्धि र बजारीकरण प्रवर्द्धनमा जोड दिन" **हाटवजार"**सञ्चालन गर्ने,उत्कृष्ट कृषक,समुह र सहकारीलाई **नगर प्रमुख उत्कृष्ट कृषकपुरस्कार** प्रदान गर्न,प्राङ्गारिक मल र तरकारीको बीउ प्रतिस्थापन दरमा वृद्धि गर्नको लागि ५०प्रतिशत अनुदानको व्यवस्था गर्न,पशुपालन पकेट क्षेत्रको स्थापना गरि पशुपन्छीजन्य वस्तु उत्पादनमा वृद्धि गर्न, पशुपन्छीमा फैलिने महामारी रोगहरुको उपचारका लागि आवश्यक औषधी खरिद लगायतका कार्यहरु गर्न**रु. ७९ लाख**विनियोजन गरेको छु ।

**(ख) शिक्षा,युवा तथा खेलकुद**

४६.विद्यालयका प्रधानाध्यापक, शिक्षक, कर्मचारी र बालविकास केन्द्रका सहजकर्ताको क्षमता विकास तालिम, अभिभावक सचेतना कार्यक्रम,शिक्षक कर्मचारी प्रोत्साहन, बालविकास केन्द्रको बसाई व्यवस्थापन गर्न, गरिब, विपन्न, टुहुरा तथा

जेहेन्दार छात्रवृत्ति कार्यक्रम कार्यान्वयन गर्न, "**नगर प्रमुख विद्यार्थीसहायता कोष**" स्थापना, विद्यालयको क्षेत्रमा "**जङ्क फुड निषेध अभियान**" संचालन, "**विद्यार्थीसँगनगर उप प्रमुख कार्यक्रम**"सञ्चालन गर्नुका साथै विभिन्न विद्यालयहरुमाआइसिटी ल्याव, पुस्तकालय, विज्ञान प्रयोगशाला, वेभसाइट निर्माण तथा पाठ्यपुस्तक खरिद तथा वितरणका साथै सम्पूर्ण शिक्षकहरुको तलव भत्ताको व्यवस्थापन रु.२५ करोड १४ लाख विनियोजन गरेको छु।

**(ग) स्वास्थ्य, खानेपानी तथा सरसफाई**

४७.नगरपालिका क्षेत्रका सम्पूर्ण स्वास्थ्य संस्थाहरुमा औषधी रऔषधीजन्य उपकरणको अभाव हुन नदिन, ६५ वर्ष माथिका ज्येष्ठ नागरिकलाई नगर अस्पतालबाट उपचारात्मक सेवामा लाग्ने शुल्कबाट ५० प्रतिशत छुट गर्न, नागरिक आरोग्य केन्द्रबाट दिईने सेवालाई थप व्यवस्थित बनाउन,अति विपन्न, सहिद तथा वेपत्ता परिवार र राष्ट्रिय स्तरका खेलाडीलाईनगरपालिकाले गरिदिने स्वास्थ्य विमा कार्यक्रमलाई निरन्तरता दिन, गर्भवती र सुत्केरी महिलाहरुलाई "**नगर उपप्रमुख पोषण कोशेली कार्यक्रम**" सञ्चालन गर्न र नगर अस्पतालमा २४ सै घण्टा सञ्चालनको व्यवस्था गर्नुका साथै पोष्टमार्टम सेवा लगायत अन्य नियमित र आकस्मिक कार्यक्रमहरु सञ्चालन गर्न रु. ८ करोड ३९ लाख रकम विनियोजन गरेको छु।

४८.सबैका लागि दीगो र सुरक्षित खानेपानी सुनिश्चितताका गर्नवास इकाई अन्तरगतका कार्यक्रमहरु विस्तार गर्न, नयाँ खानेपानी योजना निर्माण र जिर्ण भएका योजनाको पुनःसंरचना गर्न, नगरपालिकाको GIS आधारित WASH सम्पत्ति नक्सा निर्माण गर्न सबै वडामा "**घरमै शौचालय भएको परिवार**" सुनिश्चित गर्ने अभियान अन्तरगत सामुदायिक तथा सार्वजनिक शौचालय निर्माण, सार्वजनिक स्थल, बजार क्षेत्र,विद्यालय, कार्यालय क्षेत्रमा फोहोर व्यवस्थापन कार्यक्रम, घरमै फोहोर छुट्याउने, कम्पोस्ट प्रवर्द्धन, दिसाजन्य लेदो व्यवस्थापन, चिकित्साजन्य फोहोर व्यवस्थापन र ल्याण्डफिल्ड साइटको निर्माण गर्न, सरसफाइ महाअभियान, स्वच्छता दिवस, सडक नाटक, चित्रकला प्रतियोगिता, हाजिरीजवाफ र वक्तृत्वकला कार्यक्रम र मर्यादित महिनावारी व्यवस्थापनका लागि उत्प्रेरणामुलक कार्यक्रमहरू लगायतका कार्य गर्न रु.३ करोड ७९ लाख विनियोजन गरेको छु।

**(घ) पूर्वाधार तथा सहरी विकास**

४९.नगरपालिकाको प्रशासनिक भवन निर्माण गर्न, वडा नं ३, ५ र १० का वडा कार्यालयको भवन निर्माण गर्न र वडा नं १,२,४,७ र १३ को वडा कार्यालय भवन निर्माण तथा सञ्चालन गर्ने लगायतका सार्वजनिक निर्माण गर्न रु.४ करोड ४१ लाख विनियोजन गरेको छु।

५०.नगरपालिकाको यातायात गुरुयोजना (MTMP) अनुसार प्राथमिकरण गरिएका सडकहरुको विस्तार एवं स्तरोन्नति गर्ने कार्यलाई उच्च प्राथमिकताका साथ अगाडी बढाउन र निर्माण भएका सडकहरुको लगत कट्टा गरी व्यवस्थित बनाउन र **नगरपालिकाको विभिन्न वडाहरुमा नयाँ सडक निर्माण गर्न, निर्माण भएका सडक १२ महिना सञ्चालन गर्न,** सहरी पूर्वाधार निर्माण तथा व्यवस्थापनगर्न र फोहर व्यवस्थापनको लागि रु. १० करोड १९ लाख विनियोजन गरेको छु।

**(ङ) सामाजिक न्याय तथा लैङ्गिक समावेशीकरण**

५१."**जीवननिर्वाह भत्ता सम्बन्धी कार्यक्रम, "महिलासँग नगर उपप्रमुख कार्यक्रम**" सञ्चालन गर्न, ज्येष्ठ नागरिकहरुमा रहेको सीप संरक्षणका लागि "**अन्तरपुस्ता सीप हस्तान्तरण**" कार्यक्रमसञ्चालन गर्न र सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहिहरुको बायोमेट्रिक अभिलेख राख्न र महिला बालबालिकाको क्षेत्रसँग सम्बन्धित सामाजिकसमावेशीकरणका क्रियाकलाप सञ्चालन गर्न रु. ४३ लाख ९० हजार विनियोजन गरेको छु।

**(च) सहकारी, उद्धमशीलता र रोजगार**

५२.आठविसकोट नगरपालिकामा स्थापना रहेका उद्योगहरुको अनुगमन, मुल्याङ्कन गरी प्राप्त प्रतिवेदनका आधारमासहकारी संस्थाहरुको सञ्चालन वा खारेज गर्न, पुनर्निर्माणमा आधारित सीप विकास तालिम, उद्योग व्यवसाय विकासकानिमित्त गरिवी निवारणका लागि लघुउद्यम विकास कार्यक्रमलाई यस वर्ष पनि निरन्तरता दिन  रु.४८ लाखविनियोजन गरेको छु।

**(छ)सिचाई, उर्जा तथा जलविद्युत**

५३.नगरपालिकाले जलविद्युतको क्षेत्रमा लगानी गरी सबै नगरवासी घर परिवारलाई **शेयर होल्डर** बनाउने कार्यको थालनी गर्नको लागि **स्यार्पु हाइड्रो कम्पनीमा** लगानी गर्न र नगरपालिकामा रहेका लघु जलविद्युत तथा सिंचाई आयोजनाहरुको निर्माण तथा मर्मत गर्न रु. २ करोड ९७ लाख विनियोजन गरेको छु।

**धर्म, संस्कृति तथा पर्यटन**

५४.नगरपालिकालाई प्राकृतिक, साँस्कृतिक, साहसिक पर्यटनको सुरक्षित र आकर्षक गन्तव्यको रुपमा विकास गर्न,योग/ध्यान मार्फत सकारात्मक सोंचको अभिवृद्धि गरि नगरपालिकामा पर्यटन क्षेत्रकोपूर्वाधार विकास तथा विस्तार गर्न रु.३५ लाख विनियोजन गरेको छु।

**सूचना तथा  प्रविधि**

५५.डिजिटल नगरपालिकाको अवधारणा अनुरुप डिजिटल गुरुयोजना तयार गरी कार्यान्वयनमा ल्याउन आवश्यक छ। यसका लागि सूचना प्रविधिको प्रयोग गरी सार्वजनिक सेवा प्रवाहलाई गुणस्तरीय र प्रभावकारी बनाउन एकिकृत सूचना प्रणाली निर्माण गर्ने, सूचना प्रविधिको क्षेत्रमा कार्यरत जनशक्तिको लागि नवप्रवर्तनमा आधारित प्रोत्साहनका कार्यक्रमहरु सञ्चालन गर्न, डिजिटल हाजिरी, विद्यालयहरु तथा नगरपालिका मातहतका सरकारी कार्यालहरुको वेभसाइटनिर्माण,डिजिटल नागरिक वडापत्र निर्माण, नगरपालिकाका बजार तथा घना बस्तीक्षेत्रमा सि.सि.टिभी जडान तथा मर्मत, नगर प्रोफाइल निर्माण गर्न रु. ६५ लाख रकम विनियोजन गरेको छु।

**(ञ) न्यायिक कार्य**

५६.प्रत्येक वडाहरुमा गठन गरिएका मेलमिलाप केन्द्रहरुलाई प्रभावकारी रुपमा सञ्चालनमा ल्याउन, न्यायिक समितिको संस्थागत क्षमता विकास गर्न" **कानुन सबैका लागि बराबर**" हो भन्ने मान्यतालाई आत्मसात गरी लैङ्गिक समानता, जातिय विविधता र कमजोर वर्गलाई न्यायमा पहुँच अभिवृद्धि गर्नुका साथै सर्वसाधारणमा न्यायको पहुँच कायम गर्न जनसमुदाय स्तरमा न्यायिक चेतना अभिवृद्धि सम्बन्धी कार्यक्रम सञ्चालनगर्न रु.५ लाख विनियोजन गरेको छु।

**(ट) वन, वातावरण तथा विपद् व्यवस्थापन**

५७.नगरपालिकाको विपद जोखिम नक्साङ्कन, विपद व्यवस्थापन एवम् खोज तथा उद्दारका लागि स्थानीय विपद तथा जलवायू उत्थानशील योजना, आपतकालिन कार्य सञ्चालन केन्द्रको क्षमता विकास, जोखिम न्यूनिकरण कार्यक्रम सञ्चालन, राहत वितरण, पुन:स्थापना जस्ता कार्यहरु गर्न रु. ५० लाख विनियोजन गरेको छु।

**(ड) सेवा प्रवाह कार्यालय संचालन तथा सुशासनर संस्थागत विकास**

५८.कर्मचारीहरुको सामजिक सुरक्षा कोषको लागि व्यवस्थापन गर्न,**"सार्वजनिक प्रशासन विकास, सुशासन र समृद्धिको लागि"** कर्मचारी क्षमता अभिवृद्धिका कार्यक्रम सञ्चालन गर्न, पारमर्श सेवा खरिद गर्न, नगरपालिकाको संगठन संरचनाको पुनरावलोकन गर्न, स्वस्थ जीवनयापन तनाव व्यवस्थापनलाई लक्षित गरी योग शिक्षा कार्यक्रम सञ्चालन गर्न, नगरपालिकाको समग्र विकास र गतिविधि सार्वजनिक सुनुवाई, गुनासो व्यवस्थापनका वारेमा स्थानीय तथा राष्ट्रिय स्तरका अनलाईन तथा छापा माध्यम र स्थानीय एफ.एम. रेडियोहरुबाटप्रचार/प्रसार गर्ने कार्यक्रमलाई निरन्तरता दिन र नगरपालिकाको कार्य सञ्चालनका लागि आवश्यक पर्ने थप कानूनहरु निर्माण तथा संशोधन गर्नका साथै कर्मचारी व्यस्थापनका लागि समेत रु. १२ करोड ८ लाखविनियोजन गरेको छु।

**(ढ) समन्वय तथा सहकार्य**

**५९.**सामाजिक र भौतिक विकासमा टेवा पुग्नेगरी यस नगरपालिकामा कार्यक्षेत्र बनाएका गैर सरकारी संस्थाहरु र संघ, प्रदेश सरकारका कार्यालयहरुसँग काममा दोहोरो नपर्नेगरी समन्वय र सहकार्य गर्न **५४ लाख ५० हजार रकम विनियोजन गरेको छु ।**

**(ण) वडागत विनियोजन :**

६०.संघीयताको आधारभूत अभ्यास स्वरुपको कार्य गर्ने वडा सरकार नै भएकाले पूर्वाधार विकास निर्माण लगायतका कार्यक्रम र योजना निर्माण गर्न वडागत रकम विनियोजन गरिएको छ । यस वर्ष वडागत रुपमा रु १ करोड ५० लाख बजेट विनियोजन गरेको छु ।

**(त)क्रमागत आयोजनाको भुक्तानी :**

६१.संघ तथा प्रदेश सरकारबाट प्राप्त हुने अनुदानहरु प्राप्त हुन नसकि गत विगत आर्थक वर्षहरुबाटभुक्तानी दायित्व बाँकि रहेका क्रमागत आयोजनाहरु सम्पन्न गर्न रु २ करोड ८० लाख विनियोजन गरेको छु ।

**सभा अध्यक्ष महोदय,**

६२.अबम,माथिप्रस्तुत गरिएका नीति तथा कार्यक्रम कार्यान्वयनका लागि बजेटको विनियोजन र स्रोत व्यवस्थाको अनुमान सम्बन्धी योजना पेश गर्दछु।

६३.आगामी आर्थिक वर्षको लागि नगरपालिका संचित कोष मार्फत**रू.७६करोड३८लाख६९हजार** मात्र विनियोजन गरेको छु । कुल विनियोजन मध्ये **चालुतर्फ ४९ करोड ३४लाख** ३२ हजार मात्र अर्थात ६४.६० **प्रतिशत** र पुँजीगततर्फ **२७ करोड ४ लाख ३७ हजार**अर्थात ३५.४० **प्रतिशत** रहेको छ ।

६४.आगामी आर्थिक वर्षका लागि अनुमान गरिएको खर्च व्यहोर्ने स्रोतहरुमध्ये आन्तरिक राजश्वबाट **रू. २ करोड ५० लाख** अर्थात **३.५१ प्रतिशत**,स्थानीय तह राजश्व बाँडफाँड(घर जग्गा रजिष्ट्रेसन शुल्क) बाट रु. ४० लाख अर्थात ०.५६ प्रतिशत,संघीय सरकार वित्तीय समानीकरण अनुदानबाट **रू. १२ करोड ४३ लाख** अर्थात् **१७.४८ प्रतिशत**, संघीय सःशर्त अनुदानबाट (चालु) रू.**२५ करोड ९६** लाखअर्थात् **३६.५१**प्रतिशत, संघीय सःशर्त अनुदानबाट (पूँजीगत) **रू.५ करोड३१ लाख**अर्थात **७.४७ प्रतिशत**, संघीय सरकार राजश्व वाँडफाँटबाट **रु १२ करोड ७४लाख ३४ हजार ७ सय २० रुपैंया** अर्थात् **१७.९२ प्रतिशत**, संघीय समपूरक अनुदानबाट **रु. ६७ लाख** अर्थात् **०.९४प्रतिशत**, संघीय विशेष अनुदानबाट **रु.२ करोड ३८ लाख** अर्थात् **३.३४ प्रतिशत**,प्रदेश सरकार वित्तिय समानीकरण अनुदान **रु १ करोड ४७ लाख ८२ हजार**अर्थात २.०७ **प्रतिशत**, प्रदेश राजश्व वाँडफाँटबाट **रु ३१ लाख ३७ हजार ६ सय ३० रुपैया ८७ पैंसा**मात्र**अर्थात्** ०.४४ प्रतिशत, प्रदेश सरकार स:शर्त अनुदानबाट(चालु) **रु २२ लाख ८२ हजारअर्थात्०.३२**प्रतिशत,प्रदेश सरकार स:शर्त अनुदानबाट(पुँजीगत)**रु. ३ करोड ६० लाख अर्थात् ५.०६** प्रतिशत,प्रदेशसरकार समपूरक अनुदानबाट (पुँजिगत) २ करोड**रु ३८ लाख** अर्थात् ३.३४ **प्रतिशत, प्रदेश सरकार विशेष अनुदान (चालू) रु.७० लाख** अर्थात ०.९८ प्रतिशत खर्च व्यहोर्ने प्रक्षेपण गरेको छु । नगरपालिकाको संचित कोष र अन्तर अख्तियारी तथा संघ संस्थाबाट **रु. ५ करोड २९ लाख ३२ हजार ६ सय ४९ रुपैंया १३ पैंसा समेत गरी ७६ करोड ३८ लाख ६९ हजार** यस सम्मानित सभामा पेश गर्दछु ।

**सभा अध्यक्ष महोदय,**

६५.आर्थिक वर्ष २०८२/८३ का लागि आन्तरिक राजश्व परिचालन गर्न निम्नानुसारका कार्य गरिने छन् :–

६६.यस नगरपालिकाको भू उपयोग नीति अनुसार नगरपालिका क्षेत्रका घर जग्गाहरुको भू उपयोग क्षेत्र वर्गीकरण गरी विगतमा यस नगरपालिकाबाट कायम गरिएको घरजग्गाको मूल्याङ्कन परिमार्जन गरि लागू गरिनेछ ।

६७.नगरपालिका क्षेत्रमा आन्तरिक राजस्व संकलनका लागि स्थानीय तह सञ्चित कोष व्यवस्थापन प्रणाली (SuTRA) प्रयोग कडाइका साथ कार्यान्वयन गरिनेछ । नगदि रसिदलाई प्रविधिको प्रयोग गरि प्रतिस्थापन गरिनेछ ।

६८.नगर प्रहरी समेत परिचालन गरि सबै वडाहरुमा करदाता शिक्षालाई व्यापक रुपमा फैलाउँदै कर सम्बन्धी सचेतनाको विकास गरिनेछ। करदता सम्मान कार्यक्रमहरु सञ्चालन गरिनेछ।

६९.नगरपालिका क्षेत्रमा रहेका खोला, नदी तथा खानीहरुबाट संकलन गरिने ढुङ्गा, गिट्टी तथा वालुवामा लाग्ने दहत्तर/ बहत्तर कर संकलन कार्यलाई कडाइका साथ लागू गरिनेछ।

७०.राजश्व परिचालन नीति सम्बन्धी उद्देश्य हासिल गर्नको लागि देहाय बमोजिमका कार्यक्रमहरु संचालन गरिनेछन्:-

(क) राजश्व व्यवस्थापन सूचना प्रणालीलाई कडाइका साथ लागू गरि अनलाईन मार्फत मात्र राजश्व संकलन गर्ने व्यवस्था मिलाईनेछ। यसका लागि नेपाल सरकार महालेखा नियन्त्रकको कार्यालयबाट विकास गरिएको सुत्र ( SuTRA)को राजश्व मोडल प्रयोग गरी नगरपालिकाको कार्यालय र सबै वडा कार्यालयबाट राजश्व संकलन गर्ने व्यवस्था मिलाइने छ।

(ख) करदाता पोर्टलको व्यापक प्रचारप्रसार गरि घरैबाट राजस्व तिर्ने व्यवस्था मिलाईने छ। करदाताले मोबाइल बैंकिङ सेवा, इन्टरनेट बैंक,QR कोड तथा विभिन्न वैधानिक वालेटहरुबाट पनि कर तिर्ने तथा दाखिला गर्न सक्ने गरि आवश्यक व्यवस्था मिलाइनेछ।

(ग) सार्वजनिक सेवा र राजश्वविचमा तादाम्यता कायम गर्दै कर नतिर्ने व्यक्ति वा नागरिकलाई कर नतिरेसम्म सार्वजनिक सेवाबाट वञ्चित गराउने एवम् कुनै पनि उपभोक्ता समिति, समूह, सहकारीमा कामकाज गर्न वा सदस्य हुन अयोग्य ठहरिने गरी आवश्यक व्यवस्था मिलाइने छ।

(घ)करको दरभन्दा करको दायरा विस्तारलाई प्राथमिकता दिई कराधारलाई थप फराकिलो बनाउँदै लगिनेछ।करदाताहरुसँग अन्तरक्रिया तथा करदाता सम्मान कार्यक्रम सञ्चालन गरिनेछ।

७१.**अन्त्यमा,**यो बजेट तथा कार्यक्रम निर्माण गर्नमार्गदर्शन गरि महत्वपूर्ण सल्लाह, सुझाव र परामर्श गर्नुहुने अग्रज व्यक्तित्वहरु, नगर कार्यपालिका र नगरसभाका अध्यक्ष तथा सदस्यहरु, सबै राजनैतिक दल एवम् तिनका भातृ सङ्गठनका प्रतिनिधिहरु, राष्ट्रसेवक कर्मचारीहरु, शिक्षक, बुद्धिजिविहरु, सुरक्षाकर्मीहरु, नीजि क्षेत्र, नागरिक समाज, सञ्चारकर्मी लगायत सबैमा हार्दिक आभारसहित धन्यवाद ज्ञापन गर्दछु। नगरपालिकाको समृद्धि, विकास रउन्नतिमा निरन्तर सहयोग गर्ने, सद्भाव राख्ने आम नागरिक, करदाता, सरकारी/गैरसरकारी तथा सामुदायिक संस्थाहरुप्रति हार्दिक आभार व्यक्त गर्दै वजेटको सफल कार्यान्वयनमा सबैको सकारात्मक सहयोगहुनेछ भन्ने अपेक्षा गर्दछु।

मिति : २०८२/०३/१० गते

----------------- धन्यबाद -------------